# श्री विजय आधारभूत विद्यालय

**SHREE BIJAYA BASIC SCHOOL**

पो.म.न.पा-१३ विजयपुर,कास्की

Pokhara -13, Bijayapur,Kaski

स्था: २०२८(Estd : 2028)

पत्र संख्या(Letter No): २०८३/८४

चलानी नं (Dispatch):

प्रथम पटक प्रकाशित मिति : २०८३/ ०४/०१

सुचना

प्रस्तुत विषयमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०४/०१ गते बसेको बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको **निम्न** माध्यमिक तह सामाजिक विषयको स्थायी दरबन्दी शिक्षक पद शिक्षा नियमावली २०५९ (दशौं संशोधन, २०८३) बमोजिम सरुवामार्फत पदपूर्ति गर्नुपर्ने भएकाले उक्त पदमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक स्थायी शिक्षकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र देहायका कागजातसहित दरखास्त पेश गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

नोटः

- दरखास्तसँग शिक्षा नियमावली २०५९ को दशौं संशोधनमा तोकिए अनुसारका सम्पूर्ण कागजात संलग्न हुनु पर्नेछ।
    १) सरुवाका लागि निवेदन।
    २) नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
    ३) आफ्नो सेवा अवधि खुलेको कागजात।
    ४) स्थायी अथवा अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
    ५) शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।
    ६) हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।
    ७) असाधारण तथा बेतलबी बिदा लिएको / नलिएको सम्बन्धित कागजात।
    ८) सरुवा भई जाने र आउने विद्यालयको सहमति पत्र।
    ९) सम्बन्धित स्थानीय तहको सहमति पत्र।
    १०) शिक्षा नियमावली २०५९ (दशौं संशोधन, २०८३) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण र कागजात (आवश्यक परेको खण्डमा)।
    ११) जिल्ला बाहिरबाट भए सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र।
    १२) शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फाराम।
- निवेदन तथा आवश्यक कागजात सम्बन्धित उम्मेदवार स्वयम् उपस्थित भई वा विद्यालयको इमेल **bijayabasic13@gmail.com** मा पठाउन सकिनेछ।
- दरखास्त २०८३/०४/१५ गते विद्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ र मेल पठाउने भए सोही मितिको सोही समयभित्र पठाइसक्नुपर्नेछ।
- आवश्यक जानकारीको लागि मोबाइल नं. ९८०६७८०६२२(प्रअ), ९८२७१०९०२४(स.प्रअ) मा फोन गर्न सकिनेछ।

**बोधार्थ :**

१) शिक्षा विकास तथा समन्वय इकाई, कास्की।

२) शिक्षा महाशाखा, पोखरा महानगरपालिका।

३) श्री पोखरा महानगरपालिका वडा कार्यालय-१३।

प्रधानाध्यापक

प्रधानाध्यापक